**घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेडको छैठौं वार्षिक साधारण सभाको विवरण र निर्णयहरु :**

**छैठौं वार्षिक साधारण सभाको मिति, समय र स्थानः**

मिति : २०७८ साल पौष १० गते शनिबार

समयः बिहान १०:०० बजदेखि

स्थान : होटल रुबस बैयाबेहडी, धनगढी कैलाली ।

**गणपूरक संख्या :**

संस्थापक शेयरधनीको संख्या : ११६ (मिति २०७८।०८।२९ सम्म कायम)

सर्वसाधारण शेयरधनीको संख्याः ८,७९५ (मिति २०७८।०८।२९ सम्म कायम)

कुल शेयर कित्ता संख्या : २,७६,२५०

उपस्थिति :

कुल शेयर कित्ता : २,७६,२५०

संस्थापक शेयर कित्ता : १,४३,६५०

सर्वसाधारण शेयर कित्ता : १,३२,६००

संस्थापक शेयरधनी संख्या : ११६

सर्वसाधारण शेयरधनी संख्या : ८,७९५

| विवरण | कूल संख्या | स्वयं उपस्थित | प्रतिनिधिद्वारा उपस्थित | जम्मा उपस्थित | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनीको संख्या | ८,९११ | ६६ | ७८ | १४४ | १.६२% |
| शेयर संख्या | २,७६,२५० | ७७,०८७ | ६७,४०३ | १,४४,४९० | ५२.३०% |

**उपस्थितिः:**

सञ्चालकहरुको उपस्थिति :

श्री प्रभात कुमार चौधरी, अध्यक्ष

श्री बुध राम चौधरी, सञ्चालक

श्री पुरन प्रसाद चौधरी, संञ्चालक

श्रीमति पिङ्गला थारु, सञ्चालक

श्री नेत्र बहादुर चन्द, सञ्चालक

श्री रसिकमोहन शर्मा, स्वतन्त्र सञ्चालक

पदाधिकारीहरुको उपस्थिति :

श्री कुन्ना नारायण चौधरी, प्रमुख कार्यकारी अधिकृत

श्री नरेन्द्रप्रसाद लम्साल, नायब कार्यकारी प्रमुख/कम्पनी सचिव

**शेयरधनीहरुको उपस्थिति यसैसाथ संलग्न अनुसूची अनुसार रहेको छ ।**

**सभाको वैधानिकता :**

यस घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेडको छैठौं वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ तथा यस वित्तीय संस्थाको नियमावली अनुसार सञ्चालक समितिको मिति २०७८।०८।१० गते बसेको बैठकले निर्णय गरे बमोजिम मिति २०७८ साल पुष १० गते शनिबारको लागि बोलाइएको हो । कम्पनी ऐन, २०६३ को दफा ६७ को (२) र संस्थाको नियमावलीको नियम १८(३) बमोजिम छैठौं वार्षिक साधारण सभाको सूचना पठाउनुको साथै छैठौं वार्षिक साधारण सभा मिति २०७८।०९।१० गते शनिबार हुने भन्ने व्यहोराको सूचना कारोबार राष्ट्रिय दैनिकमा मिति २०७८।०८।१५ गते प्रथम पटक र कारोबार राष्ट्रिय दैनिकमा नै मिति २०७८।०८।१७ गते दोश्रो पटक प्रकाशित गरिएको थियो । कम्पनी ऐन, २०६३ को दफा ७३ र वित्तीय संस्थाको नियमावलीको नियम २३ अनुसार गणपुरक संख्या पुगेकोले सभा वैधानिक भएको कुरा कम्पनी सचिवले सभामा जानकारी गराउनु भयो ।

छैठौं वार्षिक साधारणसभा गर्न गणपुरक संख्या पुगेपछि कम्पनी सचिवले सभाको सभापतित्व ग्रहण गर्न सञ्चालक समितिका अध्यक्ष श्री प्रभातकुमार चौधरीलाई अनुरोध गर्ने कार्य भयो र अरु सञ्चालक सदस्यहरुलाई पनि क्रमशः आसन ग्रहण गराउनु भयो । तत्पश्चात् साधारण सभाका सभापतिको अनुमतिले साधारण सभाको काम कारबाही अघि बढाइयो ।

**साधारणसभामा प्रस्तुत छलफलका विषयहरु :**

**(क) साधारण प्रस्तावहरु:**

१. संचालक समितिको तर्फबाट अध्यक्ष ज्यू द्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७७/७८ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसङ्ग सम्बन्धित अनुसुचीहरु समेत छलफल गरि पारित गर्ने सम्बन्धमा ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस वित्तीय संस्थाको आ.व. २०७८/७९ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (लेखापरीक्षक श्री रविन्द्र पाण्डेय, आर.पाण्डेय एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स भिमदत्तनगर महेन्द्रनगर कञ्चनपुर नियुक्त हुन योग्यहुनुहुन्छ ।)

४. विविध सम्बन्धमा ।

**सभा सञ्चालन र प्रतिवेदन प्रस्तुति :**

सञ्चालक समितिका अध्यक्ष एवं छैठौं वार्षिक साधारण सभाका सभापति श्री प्रभात कुमार चौधरीले छैठौं वार्षिक प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नुभयो र उक्त वार्षिक प्रतिवेदन माथि छलफल गर्न तथा सुझाव दिन अनुरोध गर्नुभयो ।

**छैठौं वार्षिक प्रतिवेदनमाथिको छलफल:**

छैठौं वार्षिक प्रतिवेदन माथिको छलफल र सुझाव दिने क्रममा अधिकांश शेयरधनीहरुले संस्थाको कार्य क्षेत्र एवं कारोबारमा बिस्तार गर्नुपर्ने, समूहमा जाने कर्जाको गुणस्तरमा ध्यान दिनुपर्ने, संस्थाको कर्जा जोखिम न्यूनीकरण गर्नुपर्ने, व्यक्तिगत स्वार्थभन्दा माथि उठेर संस्थाको उन्नयनमा सबै लाग्नुपर्ने लगायतका सुझावहरु राख्नुका साथै यस घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेडलाई यूनिक नेपाल

घोडीघोडा लघु वित्त वित्तीय संस्था लि. स्था: २०७१ केन्द्रीय कार्यालय,बेलौरी कञ्चनपुर

लघुवित्त वित्तीय संस्था लिमिटेडमा गाभ्ने सम्बन्धी अन्तिम स्वीकृति पत्र नेपाल राष्ट्र बैंकबाट प्राप्त भैसकेको सन्दर्भमा दुवै संस्था एकिकृत भई बन्ने संस्थामा शेयरधनीहरुको हित सुनिश्चित हुने र एकिकृत संस्थाले विपन्न वर्गको उत्थानमा थप टेवा दिने विश्वास व्यक्त भएको थियो ।

छैठौं वार्षिक प्रतिवेदनमाथिको छलफलमा सहभागी शेयरधनीहरुले आ-आफ्नो राय सुझावहरु राखिसकेपछि छैठौं वार्षिक प्रतिवेदन माथि सहभागीहरुबाट व्यक्त राय, सुझाव र जिज्ञासाका सम्बन्धमा सभाको सभापतित्व गरिरहनु भएका सञ्चालक समिति अध्यक्ष श्री प्रभात कुमार चौधरीबाट सम्बोधन भएपछि सभामा प्रस्तुत प्रस्तावहरु उपर निर्णय गरिएको थियो ।

**साधारण सभाबाट भएका निर्णयहरु :**

**(क) साधारण प्रस्ताव उपरको निर्णय :**

१: यस घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेड सञ्चालक समितिका अध्यक्ष श्री प्रभात कुमार चौधरी ज्युले सञ्चालक समितिको तर्फबाट प्रस्तुत गर्नुभएको घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेडको आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन सर्वसम्मतिले अनुमोदन एवं पारित गर्ने निर्णय गरियो ।

२: यस घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेडको आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ साल असार मसान्तको वासलात, आर्थिक वर्ष २०७७/७८ को नाफा नोक्सान हिसाब, सोही अवधिको नाफानोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाह सहितको वित्तीय विवरण (अनुसूचीहरु समेत) पारित गर्न सभा समक्ष प्रस्ताव पेश हुँदा सर्वसम्मतिले अनुमोदन एवं पारित गर्ने निर्णय गरियो ।

३: यस घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेडको आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण कार्यको लागि सि.ए.श्री रविन्द्र पाण्डेय, आर.पाण्डेय एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स भिमदत्तनगर महेन्द्रनगर कञ्चनपुरलाई वार्षिक लेखापरीक्षण पारिश्रमिक वापत नियमानुसार लाग्ने मूल्य अभिवृद्धि कर बाहेक रु. १,१०,०००।- अक्षेरुपी एक लाख दश हजार मात्र पारिश्रमिक उपलब्ध गराउने गरी आ. व. २०७८/७९ को लागि लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव सभा समक्ष पेश हुँदा उक्त प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

४.अन्य विविध प्रस्तावहरु प्राप्त नभएकोले यस वित्तीय संस्थाको छैठौं वार्षिक साधारण सभाको निर्णयको आधिकारिकताको लागि सञ्चालक समिति अध्यक्ष र कम्पनी सचिवको हस्ताक्षरबाट प्रमणित हुने निर्णय गरियो ।

**धन्यवाद/सभा बिसर्जन:**

सभाको सभापतित्व गर्नुभएका सञ्चालक समितिका अध्यक्ष श्री प्रभात कुमार चौधरी ज्यू बाट यस छैठौं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु तथा आमन्त्रित महानुभावहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न भूमिका निर्वाह गर्ने सम्पूर्णमा धन्यवाद दिदै छैठौं वार्षिक साधारण सभाको विसर्जन गर्नुभयो ।

**(नरेन्द्रप्रसाद लम्साल)**
**कम्पनी सचिव**

**(प्रभात कुमार चौधरी)**
**अध्यक्ष**